# देवघाट गाउँ कार्यपालिका

बैठक संख्या २५ मितिः २०७५।०५।०१

निर्णयहरु

१) एकिकृत नागरिक सेवा केन्द्र नियमित, विद्यालय अनुगमन गर्ने र नागरिकता शिविर लगायतका विषयमा समीक्षा गरियो ।

२) हस्तान्तरण भई आएको देवघाट गाउँपालिका स्तरीय आत्मानन्द गीरी अस्पतालको संचालन तथा व्यवस्थापन गर्नको लागी तपसिल अनुसारको एक अस्पताल संचालक समिति गठन निर्णय गरियो ।

तपसिल

| | |
|---|---|
| क) श्री दुर्गवहादुर थापा | अध्यक्ष |
| ख) विमला थापा | उपाध्यक्ष |
| ग) प्रतिनिधि गलेश्वर आश्रम | सदस्य |
| घ) प्रतिनिधि उद्योग वाणिज्य संघ देवघाट | सदस्य |
| ङ) प्रतिनिधि नेपाल रेडक्रस, देवघाट शाखा | सदस्य |
| च) प्रतिनिधि नर्सिङ्ग | सदस्य |
| छ) महिला वडा सदस्य ठाकुर कुमारी क्षेत्रीनी | सदस्य |
| ज) समितिले तोकेको एक जना समाज सेवी वा जनप्रतिधि वा दाता वा विषय विज्ञ | सदस्य |
| ज) गाउँपालिका स्वास्थ्य संयोजक | सदस्य सचिव |

३) तोकिएको राजश्व लिई देवघाट ५, ४।क कि.नं. १९६७ को कूल क्षेत्रफल ७.१३.०१ को जग्गावाट १२७४ घ.मी. माटो झिक्न अनुमति दिने निर्णय गरियो ।

४) तपसिल अनुसारका व्यक्तिलाई आर्थिक सहयोग दिने निर्णय गरियो ।

तपसिल

क) मन वहादुर गुरुङ्ग क्यान्सर रोगी आर्थिक सहयोग रु. ४००००।

ख) मन्जु वि.क. अध्ययन सहयोग १८०००।

५) कर्मचारी कल्याण कोष संचालन नियमावली तर्जुमा गर्ने र कोषको व्यास्थापन गर्ने । कोष संचालन नियमावली तर्जुमा नहँदा सम्म प्रत्येक महिना सम्बन्धित करार कर्मचारीले खाईपाई आएको तलब स्केलको ५ प्रतिशत कट्टा गरि सोही वरावर गाउँ कार्यपालिकाको कार्यालयले थप गरि छुट्टै कोषमा जम्मा गर्ने । आर्जित व्याज सहित कर्मचारी सेवावाट अवकाश हुँदा उपलब्ध गराउने निर्णय गरियो । र सवै कर्मचारीको दुर्घटना बीमा गराउने निर्णय गरियो ।

६) सुत्केरी लगायत आकस्मिक सेवा उपलब्ध गराउन हेलीकप्टर ल्याण्ड गर्ने हेली प्याड आवश्यक पर्ने भएकोले तपसिलको स्थानमा हेली प्याड वनाउने निर्णय गरियो ।

तपसिल

वडा नं. १ – कोटा रंगशाला

वडा नं. २– डिहि, कोट वैदी, खाल्टे

वडा नं. ३ – छिपछिपे भञ्ज्याङ्ग, गोन्द्रयाङ्ग

वडा नं. ४ – काफलडांडा , कर्ताप

वडा नं. ५ –सेती भतेरी

७) ढुङ्गा, गिटी, वालुवा उत्खनन सम्बन्धि IEE प्रतिवेदन स्विकृत भएको जानकारी पाईयो । स्थानीय वासिन्दासंग छलफल गरी कम प्रभाव पर्ने उपाय गरी सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

८) गाउँ कार्यपालिकाको कार्यालयमा शाखा/ईकाई संचालन गर्नको लागी कार्यकक्षको अभाव भएकोले तपसिल अनुसारको स्थानमा तपसिल अनुसारका गाउँ कार्यपालिकाको शाखा/इकाई संचालन गर्ने निर्णय गरियो ।

तपसिल

१. अस्पताल भवनमा स्वास्थ्य उपशाखा/ईकाई

२. ईलाका वन कार्यालयमा कृषि र पशुस्वास्थ्य उपशाखा/ईकाई

३. श्रोत केन्द्र भवन वज्रयोगिनी मा.वि.मा आधारभुत तथा माध्यमिक शिक्षा ईकाई

४) खानेपानी प्राविधिक र अमिन देवघाट खानेपानी उपभोक्ता समितिको कार्यालय

९) स्थानीय कृषिजन्य तथा पशुजन्य उत्पादन बढाई रोजगारी तथा स्वरोजगारीको श्रृजना गरी आय आर्जनका कृयाकलाप वृद्धि गर्न स्थानीय संभावनाको आधारमा एक टोल एक कृषि तथा पशु समूह गठन गर्ने निर्णय गरियो ।

१०) सडकको गुणस्तर तथा डिजाईन, पर्यटकीय स्थल र अन्य विकास सम्बन्धि अध्ययन अवलोकन गरी अनुभव, ज्ञान तथा सिकाई हाँसिल गर्नको लागी जनप्रतिनिधि र कर्मचारीहरुलाई अध्ययन अवलोकन भ्रमणमा पठाउने गर्ने निर्णय गरियो ।

११) मिति: २०७५।०४।१७ गतेको २४ औं कार्यपालिकाको वैठकको निर्णय अनुसारनै गाउँ कार्यपालिकाको कार्यालयको आफ्नै भवन नभएकोले हाल सम्म भाडाको भवनवाट कार्यालय संचालन हुँदै आएको छ । भाडाको भवन सेवा ग्राहीमैत्री भौतिक संरचना हुन नसकेकोले सेवा प्रवाहमा सहजता हुन नसकेको , जसले गर्दा तत्काल गाउँ कार्यपालिकाको कार्यालयको आफ्नै भवन वनाउनु पर्ने आवश्यकता रहेको, गाउँपालिकाको नाममा जग्गा नरहेको, जग्गा खरिद गर्न रकम प्राप्त नहुने, जग्गा महंगो भएकाले गाउँपालिकाको आन्तरिक श्रोतवाट जग्गा खरिद गर्न नसकिने, गाउँपालिकाको वडा नं. ५ कयूदीमा रहेको नापी नभएको २५ रोपनी क्षेत्रफलको जग्गा गाउँपालिकाको भवन निर्माण गर्नको लागि देवघाट गाउँपालिकाको नाममा कायम गरिदिए फरक पर्दैन भनि स्थानीय वडावासीको सर्जमिन मुचुल्का र नजिकको वन उपभोक्ता समितिको निर्णय सहित ५ नं. वडाकार्यालयको सिफरिस पनि प्राप्त भएकोले उक्त १५ रोपनीको जग्गा गाउँपालिकाको भवन निर्माण गर्नको लागि देवघाट गाउँपालिकाको नाममा कायम गरिदिनको लागी सम्बन्धित निकायलाई अनुरोध गरि लेखी पठाउने निर्णय गरियो ।

१२) उपलब्ध श्रोत साधन र प्राथमिकताको आधारमा खरिद विधि सहित तयार गरिएको वार्षिक खरिद योजना स्विकृत गरियो ।

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत